परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ७१ पष्ठ ४ २०८२ पुष १७ गते, विहिबार 1 January, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# छुट जग्गा दर्तामा ढिलाइको विरोधमा गौशाला मालपोतमा तालाबन्दी




● टक नेपाल

छुट जग्गा दर्ताको काम महिनौंदेखि रोकिएको भन्दै सेवाग्राहीहरूले गौशाला नगरपालिका-५, गौशाला बजारस्थित मालपोत कार्यालयमा तालाबन्दी गरेका छन्। सबै प्रक्रिया पूरा भएर पनि फाइल अघि नबढाइएकाले बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको सेवाग्राहीहरूको भनाइ छ।

सेवाग्राहीका अनुसार आवश्यक कागजात बुझाएर छुट जग्गा दर्ता गरइसके पनि लामो समयसम्म फाइल रोकिएको छापटक-पटक कार्यालय धाउँदा पनि काम नहुने, कर्मचारीहरूको व्यवहार गैरजिम्मेवार देखिने गरेको उनीहरूको गुनासो छ। कार्यालय प्रशासनले आफ्ना मागप्रति गम्भीरता नदेखाएपछि तालाबन्दी गरिएको उनीहरूले बताएका छन्। गौशाला नगरपालिका-४ का विजय कुमार महतोले अनावश्यक रूपमा प्रक्रिया लम्बिँदा सेवाग्राही हैरान भएको बताए। “सबै कागजात पूरा छ, तर महिनौँसम्म फाइल अघि बढ्दैन,” उनले भने, “धाउँदा-धाउँदै वाक्क भएपछि तालाबन्दी गर्नुपर्‍यो।”तालाबन्दीका कारण करिब एक घण्टा मालपोत कार्यालयको सेवा प्रभावित भएको थियो। कार्यालयले छुट जग्गा दर्तासम्बन्धी समस्या छिट्टै समाधान गने प्रतिबद्धता जनाएपछि तालाबन्दी खोलिएको जनाइएको छायसैबीच,गौशाला मालपोत कार्यालयमा अनियमितता बढ्दै गएको आरोप पनि उठेको छ। सेवाग्राही र स्थानीयवासीका अनुसार कार्यालय प्रमुख विष्णु कुमार महतको कार्यशैलीका कारण समस्या झन् बढेको छ।

करिब छ महिनादेखि कार्यभार सम्हाल्दै आएका महतले नगद नदिएसम्म फाइलमा हस्ताक्षर नगर्ने, दबाब दिँदा दुर्व्यवहार गर्ने गरेको आरोप सेवाग्राहीहरूले लगाएका छन्।नेपाल सरकारले पुस मसान्तसम्म छुट भएका जग्गा पास गर्न निर्देशन दिएको भए पनि गौशाला मालपोत कार्यालयमा २०८२ सालमा छुट पाएका जग्गाधनीहरूको फाइल रोकिएको जनाइएको छ।

करिब ५० जना जग्गाधनीले कानुनी प्रक्रिया पूरा गरी कागजात दर्ता गराइसके पनि पास प्रक्रिया अघि नबढेको बताएका छन्।गौशाला नगरपालिका-९ भरतपुरका रौदी राय यादवले सूचना प्रकाशन र टिप्पणीसमेत उठाइसकिएको भए पनि फाइल रोकिएको बताए। “सबै काम सकिएको छ, तर पैसा नदिएसम्म हस्ताक्षर हुँदैन,” उनले भने।

सोनमा गाउँपालिका-८ का इलियास अन्सारीले पनि नगद नदिएकै कारण आफ्नो फाइल महिनौँदेखि थन्किएको गुनासो गरे।यसैबीच, मुद्दा फाँटमा कार्यरत कर्मचारी लालु महरा र लक्ष्मी ठाकुरलाई अन्य फाँटमा सरुवा गरिएको विषयले पनि कार्यालयभित्र असन्तुष्टि बढेको बताइएको छास्थानीयवासी र सेवाग्राहीहरूले मालपोत कार्यालय गौशालामा देखिएको अनियमितता, ढिलासुस्ती र सेवाग्राहीमाथिको दुर्व्यवहारबारे छानबिन गरी दोषीमाथि कारबाही गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

# गौतम होटल धनुषाकाको 'रिगल ब्याङ्क्विट हल' उद्घाटन, पर्यटन विकासमा टेवा पुग्ने विश्वास



● मिथलेश सिंह

धनुषाको लालगढस्थित गौतम होटलमा निर्माण गरिएको ‘रिगल ब्याङ्क्विट हल’को बुधबार औपचारिक उद्घाटन गरिएको छ। मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले ब्याङ्क्विट हलको उद्घाटन गर्दै सुविधासम्पन्न होटलले प्रदेशको पर्यटन विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरे।

उद्घाटन समारोहमा मुख्यमन्त्री यादवले निजी क्षेत्रसँग सहकार्य गर्दै पर्यटन प्रवर्द्धनमा प्रदेश सरकार सकारात्मक रहेको उल्लेख गरे। उनले पर्यटन पूर्वाधारको विस्तारले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सहयोग पुग्ने बताए।

चारतारे मापदण्डअनुसार सञ्चालनमा रहेको गौतम होटल बाह्य पर्यटकको पहिलो रोजाइमा पर्दै आएको छ। होटलबाट चुरे क्षेत्रको मनोरम दृश्यसँगै हिमालको लोभलाग्दो दृश्य पनि सहजै अवलोकन गर्न सकिन्छ। नयाँ ब्याङ्क्विट हल सञ्चालनमा आएसँगै होटलले विवाह, सम्मेलन तथा विभिन्न सामाजिक-सांस्कृतिक कार्यक्रमका लागि थप सुविधा उपलब्ध गराउने अपेक्षा गरिएको छ।



टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# निर्वाचनको सुनिश्चितताले जगाएको आशा

दलहरूले समानुपातिकतर्फको बन्दसूची बुझाएसँगै मुलुक निर्वाचनमय भएको छ। यतिबेला सर्वत्र समानुपातिकतर्फका उम्मेदवारहरूको सूची, उनीहरूको राजनीतिक तथा पेसागत पृष्ठभूमि र सूचीमा दिइएको प्राथमिकताको विश्लेषण भइरहेको छ। यससँगै निर्वाचन कार्यतालिकाले आमजनतालाई छोएको छ।

किनकि, जनताले समानुपातिकतर्फका उम्मेदवार पाएका छन्। उम्मेदवारहरूको दाबी विरोध तथा अन्तिम बन्दसूची सार्वजनिक हुँदा यो प्रक्रियाले पूर्णता पाउनेछ। अकोतर्फ, प्रत्यक्षतर्फको टिकट वितरण तथा उम्मेदवारी दर्तासँगै निर्वाचन चर्चाले उचाइ छुनेछ। त्यतिबेला मुलुकमा बाँकी सबै राजनीतिक विषय दोस्रो प्राथमिकतामा पने छन्।

केही दिनअघिसम्म अन्योल व्यक्त भइरहेको पृष्ठभूमिकै बीच निर्वाचनको गर्मी भित्र्याउन सफल सरकार, निर्वाचन आयोग, दल तथा सबै सरोकारवालाको भूमिका प्रशंसनीय छ। बाँकी कार्यतालिका पनि सुझबुझपूर्ण ढंगले अघि बढाउन उल्लेखित सबै पक्षले आ-आफ्नो क्षेत्रबाट उचित भूमिका निर्वाह गर्नुपर्छ। यसले नै हामीलाई सुरक्षित गन्तव्यमा पुऱ्याउनेछ।

२७ भदौमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री भएसँगै उनको सिफारिसमा प्रतिनिधिसभा भंग भई २१ फागुनका लागि निर्वाचनको मिति तोकिएको थियो। तर, परम्परागत राजनीतिक पार्टीहरूप्रतिको आक्रोश, जेन-जी आन्दोलनलाई हेर्ने फरक-फरक दृष्टिकोण, जेन-जी र राजनीतिक पार्टीबीचको द्वन्द्व र आगामी राजनीतिक पार्टीहरूका आ-आफ्नै 'रोडम्याप'का कारण निर्वाचन हुनेमा आशंका थियो।

निर्वाचन नै भएन भने मुलुक राजनीतिक किचलोमा फस्ने, संक्रमणकाल लम्बिने, र राजनीतिक र सामाजिक द्वन्द्व बढ्ने, संविधानबाट प्राप्त उपलब्धि गुम्ने र जेन-जीका आकांक्षा पनि पूरा नहुने चेतावनी विज्ञहरूले दिइरहेका थिए। त्यस्तो चेतावनी यथार्थभन्दा पर थिएनन्।

त्यसैले पनि २१ फागुनको निर्वाचन संविधान र त्यसबाट प्राप्त व्यवस्था तथा उपलब्धिको सुरक्षाका निम्ति पनि अपरिहार्य थियो। निर्वाचनको बढ्दो सुनिश्चितताले मुलुकले सुरक्षित निकास पाउने सम्भावना बलियो बनेको छ। यसको निष्कर्ष भने २१ फागुनमा सुरक्षित र स्वच्छ ढंगले मतदान सम्पन्न भएसँगै निस्किनेछ। निर्वाचनमा अन्य सबै पक्ष रेफ्री वा दर्शक हुन्, र राजनीतिक पार्टीहरू भने खेलाडी हुन्।

vianet
अब सबै connected

डेंगी रोग बाट कसरी बच्ने?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ:-

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

औरही नगरपालका
नगर कार्यपालिको कार्यालय
औरही,महोत्तरी

# सन् २०२५ मा टिकटकमा नेपालीले सबै भन्दा धेरै के खोजे ?

● टक नेपाल

सामाजिक सञ्जाल प्लेटफर्म टिकटकले सन् २०२५ मा नेपालबाट सर्वाधिक खोजिएका शब्दहरूको सूची सार्वजनिक गरेको छ। प्रयोगकर्ताको रुचि र खोज व्यवहारलाई समेट्ने उक्त सूचीले मनोरञ्जनदेखि दैनिक जीवनका निर्णयसम्म टिकटक 'सर्च' भरपदो माध्यम बन्दै गएको संकेत गर्छ। टिकटक दक्षिण एसियाका कन्टेन्ट अपरेसन्स लिड उमैस नवीदले नेपालमा टिकटक 'सर्च' अब केवल भिडियो हेर्ने माध्यममा सीमित नरहेको बताए। 'यस वर्ष सर्वाधिक खोजिएका विषयले नेपालीहरू केही न केही नयाँ कुरा सिक्न र जान्न चाहेको देखाउँछ,' टिकटकले विज्ञप्तिमा भनेको छ, 'नयाँ ठाउँ खोज्ने र घुम्ने योजना बनाउन, रमाइलो गर्न टिकटक प्रयोग भएको छ। साथै, यसले नेपालीको अहिलेको रुचि पनि झल्काउँछ, जसमा चर्चित कलाकार, नाटक, भाइरल गीत-संगीत र सामाजिक सञ्जालमा चर्चामा रहेका विषयहरू समेटिएका छन्।' टिकटकका अनुसार सन् २०२५ मा शोबिज सेलेब्रिटीमध्ये प्रियंका कार्की, राजेश हमाल, स्वस्तिमा खड्का, रेखा थापा र मदनकृष्ण श्रेष्ठबारे टिकटकमा धेरै खोजी गरिएको थियो। टिकटक सर्च वास्तविक जीवनका लागि उपयोगी खोज माध्यमका रूपमा बढ्दै गएको देखाउने कम्पनीको दाबी छ। यसमा दशैं-तिहार र तीजका लागि आवश्यक सामग्रीदेखि खाना पकाउने रेसिपीसम्म खोजिएको पाइन्छ। 'टिकटक सर्च नेपालमा दैनिक जीवनको महत्वपूर्ण हिस्सा बन्दै गएको छ,' टिकटक दक्षिण एसियाका कन्टेन्ट अपरेसन्स लिड उमैस नवीदले भनेका छन्, 'मानिसहरू आजकल भिडियो मात्र हेर्दैनन्, उनीहरू वास्तविक समयमा जानकारी, सिफारिस र सन्दर्भ खोजिरहेका हुन्छन्।' खेलकुदका पछिल्ला गतिविधि पछ्याउन, विकेन्ड ट्रिपको योजना बनाउन, नयाँ कुरा सिक्न वा किनमेलअघि रिभ्यु हेर्नसमेत टिकटकलाई आधार बनाउने गरिएको उनको भनाइ छ।

'यस वर्षका टप सर्चहरूले टिकटकले नेपालीहरूलाई संस्कृति, समुदाय र हरेक दिनका जिज्ञासासँग जोडिरहेको स्पष्ट रूपमा देखाउँछ,' नवीदको भनाइ छ। २०२५ को अन्त्यसँगै, नेपालका टप टिकटक सर्चहरूले यो वर्ष सामूहिक उत्सव, दैनिक जीवनका चासो र क्रिएटर-केन्द्रित खोजहरूले भरिएको रहेको देखाउने विज्ञप्तिमा उल्लेख छ।

सबैभन्दा धेरै खोजिएका टिकटक क्रिएटरमा सिम्पल खरेल, आश्मा विश्वकर्मा, रचना रिमाल, अनमोल केसी र आना शर्मा रहेका छन्।

सबैभन्दा धेरै खोजिएका खेलाडीमा साम्बा, विमल घर्ती




मगर, दीपेन्द्र सिंह ऐरी, एम्बाप्पे र मेस्सी छन्। सबैभन्दा धेरै खोजिएका स्थानमा मुस्ताङ, मनाङ, नर्थ अन्नपूर्ण बेस क्याम्प, पशुपतिनाथ मन्दिर र भीमसेनस्थान मन्दिर छन्। सबैभन्दा धेरै खोजिएका टिभी शो वा ड्रामामा बिग बस, परान (चलचित्र), जेरी अन टप (चलचित्र), जारी २ (चलचित्र) र रोडिज सिजन ७ परेका छन्। सबैभन्दा धेरै खोजिएका ट्रेन्डिङ क्षणमा तीज, कुकुर तिहार, मिस ग्राण्ड नेपाल, रुटिन अफ नेपाल बन्द र एनपीएल सिजन २ परेका छन्।

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!






- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,
- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

लक्ष्मीनियाँ गाउँपालिका, धनुषा
मधेश प्रदेश

WebSurfer
THE BROADBAND COMPANY
Fiber Internet, IPTV and Corporate Intranet Services
SUPER FAST
FIBER
INTERNET
HOME & BUSINESS
Fiber Internet
IPTV

# २०२५ मा मिडिया : ट्रम्पको प्रतिशोधदेखि एआईको व्यापक प्रयोगसम्म




● टक नेपाल

सन् २०२५ को अन्त्यसँगै विश्व सञ्चारमाध्यमको वार्षिक समीक्षा सुरु भएको छ। पत्रकारिता र मिडिया अध्ययनमा केन्द्रित संस्था 'द पोयन्टर'ले सार्वजनिक गरेको २०२५ मिडिया इयर इन रिभ्यु अनुसार यो वर्ष सञ्चार क्षेत्रका लागि तीव्र ध्रुवीकरण, राजनीतिक हस्तक्षेप र प्राविधिक चुनौतीको वर्ष रह्यो।

विशेषगरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकालको पहिलो वर्षमै प्रेसमाथि भएका आक्रमण, नयाँ पोपबाट प्राप्त संस्थागत समर्थन, ठूला मिडिया हाउसहरूको नेतृत्व फेरबदल तथा आर्टिफिसियल इन्टिलिजेन्सको प्रयोग र दुरुपयोग वर्षका प्रमुख परिघटना बनेका छन्।

**ट्रम्प प्रशासन र प्रेसमाथि बढ्दो दबाब**

पोयन्टरका अनुसार २०२५ को सबैभन्दा ठूलो मिडिया घटना ट्रम्प प्रशासनले प्रेसमाथि गरेको निरन्तर प्रहार हो। दोस्रो कार्यकालको सुरुआती वर्षमै ह्वाइट हाउसले एनपीआर र पीबीएसको सरकारी बजेट कटौती गरेको थियो। गल्फ अफ मेक्सिकोलाई 'गल्फ अफ अमेरिका भन्न अस्वीकार गरेको भन्दै एसोसिएटेड प्रेस (एपी) लाई कतिपय राष्ट्रपति सम्बद्ध कार्यक्रममा प्रवेश निषेध गरिएको विषयले प्रेस स्वतन्त्रतामाथिको जोखिम थप उजागर गऱ्यो। पत्रकारहरूमाथि व्यक्तिगत लाञ्छना, अपमानजनक टिप्पणी र आरोप प्रत्यारोपका शृंखला पनि रोकिएनन्। पोयन्टरको 'प्रेस फ्रिडम वाच'ले अमेरिकामा २०२५ प्रेसका लागि 'अन्धकारपूर्ण वर्ष' साबित भएको टिप्पणी गरेको छ।

**मिडियाको विभाजन**

वर्षको मध्यतिर दक्षिणपन्थी इन्फ्लुएन्सर चार्ली कर्कको हत्या घटनाले अमेरिकी मिडियाको वैचारिक विभाजन छताछुल्ल पाऱ्यो। यस्तै, पत्रकार ओलिभिया नुजीसँग जोडिएको स्क्यान्डल, वासिंगटन पोस्टको सम्पादकीय नीतिमा आएको फेरबदल तथा त्यसपछि देखिएको संस्थागत असन्तुष्टिले पत्रकारिताको नैतिकता र निष्पक्षतामाथि गम्भीर बहस जन्मायो।

सम्पादकीय नीतिमा परिवर्तनको निर्णयपछि वासिंगटन पोस्टका मालिक जेफ बेजोसको भूमिकामाथिसमेत प्रश्न उठे। असन्तुष्टि जनाउँदै धेरै वरिष्ठ पत्रकारले राजीनामा दिए, जसले मिडिया हाउसभित्रको ध्रुवीकरणलाई थप गहिरो बनायो।

**एआई : दुरुपयोग र सम्भावना**

प्रविधि क्षेत्रमा मेटा (फेसबुक/इन्टाग्राम) ले 'थर्ड पार्टी फ्याक्ट चेकिङ' प्रणाली बन्द गर्ने घोषणा गरेपछि सामाजिक सञ्जालमा गलत सूचनाको जोखिम अझै बढेको पोयन्टरले औंल्याएको छ। यसैबीच सिकागो सन टाइम्सले एआई प्रयोगमार्फत अस्तित्वमै नभएका पुस्तकहरूको सूची प्रकाशन गरेपछि आलोचनाको केन्द्र बन्यो। तर, मिनेसोटा स्टार ट्रिब्युनले भने एआईको प्रयोगमार्फत खोज पत्रकारितामा उल्लेख्य नतिजा ल्याउँदै प्रविधिको सकारात्मक सम्भावना पनि देखाएको रिपोर्टमा उल्लेख छ।

**गाजा : पत्रकारका लागि सबैभन्दा असुरक्षित क्षेत्र**

द्वन्द्वग्रस्त क्षेत्र २०२५ मा पनि पत्रकारका लागि सबैभन्दा जोखिमपूर्ण बने। रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) का अनुसार यो वर्ष विश्वभर मारिएका पत्रकारमध्ये करिब ४३ प्रतिशत गाजा क्षेत्रमा इजरायली सैन्य कारबाहीका क्रममा ज्यान गुमाएका छन्। गाजा, यमन, लेबनान र इरानलाई पत्रकारिता गर्नका लागि विश्वकै सबैभन्दा असुरक्षित स्थानका रूपमा चित्रित गरिएको छ।

**मिडिया पर्सनालिटी अफ द इयर**

सन् २०२५ को सबैभन्दा प्रभावशाली मिडिया व्यक्तित्वको सम्मान बारी वेइसलाई दिइएको छ। सीबीएस न्युजकी एडिटर इन चिफको जिम्मेवारी सम्हाल्नुअघि वेइसले न्युयोर्क टाइम्सको ओपिनियन पृष्ठबाट अलग भएर स्वतन्त्र मिडिया प्लेटफर्म 'द फ्री प्रेस' स्थापना गरेकी थिइन्।

अक्टोबरमा मात्र सीबीएस नेतृत्वमा पुगेकी वेइसले आफ्नो प्लेटफर्मलाई करिब १५० मिलियन अमेरिकी डलरमा सीबीएसलाई बिक्री गरेपछि मिडिया वृत्तमा तरंग सिर्जना भएको थियो। टेलिभिजन पत्रकारितामा औपचारिक अनुभव नभए पनि सीबीएसको शीर्ष नेतृत्वमा पुग्नु र 'द फ्री प्रेस' सँगको साझेदारी बिस्तारले उनलाई वर्षकै चर्चित र प्रभावशाली पात्र बनाएको पोयन्टरको निष्कर्ष छ।

# सडक दुर्घटना विरुद्ध युवा अभियान-२०८२ बर्दिवासमा शुभारम्भ



● माधव पौडेल/मिथलेश सिंह

नेपालमा बढ्दो सडक दुर्घटनालाई न्यूनीकरण गर्ने उद्देश्यसहित सडक दुर्घटना विरुद्ध युवा अभियान-२०८२ बर्दिवासमा औपचारिक रूपमा शुभारम्भ गरिएको छ। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराको आयोजना र जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीको समन्वय र सहकार्यमा आयोजित शुभारम्भ तथा अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि नेपाल प्रहरी मधेश प्रदेश प्रमुख गोविन्द थपलिया रहनुभएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश प्रहरी प्रमुख थपलियाले सडक दुर्घटना केवल प्रहरीको समस्या मात्र नभई समाजकै साझा चुनौती भएको उल्लेख गर्नुभयो। उहाँले सवारी चालक, यात्रु, पैदलयात्रीदेखि अभिभावकसम्म सबैको सचेतना र जिम्मेवारी आवश्यक रहेको बताउँदै युवा वर्गलाई सडक सुरक्षाको अभियन्ता बन्न आग्रह गर्नुभयो। "कानून पालना, संयमित गति र सुरक्षित सवारी संस्कारले मात्र दुर्घटना घटाउन सकिन्छ," उहाँको भनाइ थियो।

कार्यक्रममा सहभागी वक्ताहरूले मधेश प्रदेशमा दुर्घटनाका प्रमुख कारणका रूपमा तीव्र गति, मदिरा सेवन गरी सवारी चलाउने प्रवृत्ति, हेल्मेट तथा सिटबेल्ट प्रयोगमा लापरवाही, ओभरलोड र सडक अनुशासनको कमीलाई औंल्याएका थिए। साथै ई रिक्सका चालकहरुलाई लाईसेन्स लिने प्रक्रिया झन्झटीलो अव्यवहारिक रहेको पनि सहभागिले वताएका थिए। यस्ता जोखिमपूर्ण व्यवहार नियन्त्रण गर्न युवा स्वयंसेवक, विद्यालय-कलेज केन्द्रित सचेतना कार्यक्रम र समुदायस्तरीय अभियानलाई निरन्तरता दिनुपर्नेमा जोड दिइयो।

अन्तरक्रिया सत्रमा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रमुख प्रहरी वरिष्ठ उपरिक्षक राजकुमार सिलवालले कार्यपत्र प्रस्तुत गर्दै सडक सुरक्षासम्बन्धी आफ्ना अनुभव, समस्या र सुझाव प्रस्तुत गरेका थिए। वहाँले सामाजिक सञ्जाल, स्थानीय क्लब र शैक्षिक संस्थामार्फत सडक सुरक्षाबारे सकारात्मक सन्देश फैलाउन अभियानले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे। कार्यक्रममा ट्राफिक नियम पालना गराउने मात्र होइन, व्यवहार परिवर्तनमा जोड दिनुपर्ने सुझाव पनि उठाइएको थियो।

कार्यक्रम आयोजकका अनुसार अभियानअन्तर्गत विद्यालय तथा कलेजमा अभिमुखीकरण र सार्वजनिक स्थानमा ट्राफिक सचेतना गतिविधि सञ्चालन गरिनेछ। यस अभियानबाट सडक दुर्घटनामा हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। वर्दिबासका यातायात व्यवसायि, चालक तथा सहचालक र सनसाईन स्कुल वर्दिबासका विद्यार्थिहरु, नेपाल प्रहरी, ट्राफिक प्रहरी, स्थानीय तहका प्रतिनिधि, विभिन्न संघ-संस्था, सञ्चारकर्मी तथा युवाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। सहभागीहरूले सडक सुरक्षा हाम्रो साझा जिम्मेवारी भएको उल्लेख गर्दै अभियानलाई सफल बनाउन सबै पक्षको सक्रिय सहभागिता आवश्यक रहेको निष्कर्ष निकालेका थिए। महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवको अध्यक्षतामा भएको कार्यक्रमको संचालन जिल्ला ट्राफिक प्रहरी कार्यालय वर्दिवासका प्रमुख प्र.नि. वावुराम कार्कीले संचालन गर्नुभएको थियो।


## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,






- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

गौशाला नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल






Pan No. 121584733
DDA No. 3780432055942
खुशी मेडिकल हल
9705446882, 9705446883
औषधी पसल
बर्दिवास-२, महोत्तरी
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ।

## भारतको विहारबाट मधेश प्रदेशका ७ जनाको उद्धार



● टक नेपाल

भारतको विहारका विभिन्न स्थानहरुबाट ७ जना मधेश प्रदेशका बालबालिका तथा महिलाको उद्धार गरिएको छ।

उद्धार गरिएका ५ जना बालक, एक जना बालिका र एक जना महिलालाई आज जनकपुरधामस्थित मधेश प्रदेश प्रमुख कार्यायलमा आफन्तलाई जिम्मेवारी लगाइएको छ। उनीहरुलाई विभिन्न बाहाना र प्रलोभन देखाई भारत लगिएको खुलेको छ।

उद्धार गरिएकोमा सप्तरीको डाक्नेश्वरी नगरपालिका ३ सप्तरीका १६ वर्षीय मो.अजिज मिया, सप्तरीकै सम्भुनाथ नगरपालिका ९ की १५ वर्षिया ज्योती कुमारी मुखिया, रौतहटको चन्द्रपुर २ का १४ वर्षीय निमेष माझि, धनुषाको केल्पुर १ का १४ वर्षिय विष्णु सदा, सोही स्थानका १० वर्षिय सुरज सदा, सप्तरीको मनराजा ५ का ११ वर्षिय बचन कुमार सदा र बाराको कलैया १४ की ३३ वर्षिया संगीता कुमारी जयसवाल रहेकी छन्।

उनीहरुलाई भारतमा भिख माग्ने, श्रम शोसन गर्ने, भगाएर अन्यत्र लैजाने लगायतको अवस्थामा फेला पारी दिल्लीस्थित किन ईन्डिाया नामक संस्थाको अगुवाईमा भारतीय प्रहरी र दुतावासको सहयोगमा नेपाल फिर्ता ल्याएर आफन्तको जिम्मेवारी लगाइएको किन ईन्डियाका निर्देशक नवीन जोशीले जानकारी दिए। उनले विगतमा पनि सयौं जनाको उद्धार गरी अभिभावकको जिम्मा लगाएको बताए। उनका अनुसार यसरी प्रलोभनमा परेर भारतका विभिन्न ठाउँहरुमा श्रम शोसन र बेचिन पुगेकाहरुको संख्या सबैभन्दा बढी मधेश प्रदेशकै रहेको छ।

उद्धार कार्यमा किन ईन्डियासंगै शुभ अवसर ग्राम नेपाल, आवर संसार, रोटरी कल्ब अफ पाटन दरबार स्क्वायर, रोटरी कल्ब अफ बानेश्वरलगायते निरन्तर सहयोग गर्दै आएको किन ईन्डियाका ग्लोबल ब्रान्ड एम्बेसेडार कल्पना महर्जनले जानकारी दिईन।

## बर्दिवास-९ भुलुङ्गेपुल नजिक टिप्परको ठक्करबाट मोटरसाइकल दुर्घटना, दुई जना घाइते

● टक नेपाल

महोत्तरीको बर्दिवास नगरपालिका-९ स्थित भुलुङ्गेपुल नजिक सवारी दुर्घटना हुँदा मोटरसाइकलमा सवार दुई जना घाइते भएका छन्।

पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको ना ४ ख ५४५४ नम्बरको टिप्परले ओभरटेक गर्ने क्रममा विपरीत दिशाबाट आइरहेको मोटरसाइकललाई ठक्कर दिएको प्रहरी स्रोतले जनाएको छ। दुर्घटनामा मोटरसाइकल चालक धनुषा जिल्लाको मिथिला नगरपालिका-६ ढल्केवर निवासी ३२ वर्षीय रविन्द्र कुमार महत्तो र मोटरसाइकलमा सवार सोही स्थानका ३२ वर्षीय जय नारायण शाह घाइते भएका छन्।

रविन्द्र महत्तोलाई बाँया हात र खुट्टा तथा दाहिने हात र खुट्टामा चोट लागेको छ भने जय नारायण शाहको बाँया हात र खुट्टामा चोट लागेको जनाइएको छ। दुवै घाइतेको अवस्था सामान्य रहेको र बर्दिवासस्थित शुभ स्वस्तिक अस्पतालमा उपचार भइरहेको छ।

# म मुख्यमन्त्री बन्न आएको हैन, एक सिपाही भएर काम गर्न चाहन्छु : मुख्यमन्त्री यादव

● टक नेपाल



मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आफू मधेसको एक सिपाही भएर काम गर्ने बताएका छन्। धनुषा होटल तथा पर्यटन व्यवसायी संघ मधेस प्रदेशले राखेको स्वागत तथा सम्मान कार्यक्रममा बोल्दै यादवले पछिल्लो समय मधेसको राजनीतिलाई लिएर भएको टीकाटिप्पणी र परेको नराम्रो छाप चिर्ने गरी आफू काम गर्न आएको बताए।

'यहाँ रातारात जे पनि हुन सक्छ,' उनले भने, 'म दिन गनेर बसेको छैन, जुन दिनदेखि जिम्मेवारी छु, सिपाही भएर काम गरेको छु, गरिरहन्छु।' हरेक मिनेट-मिनेटमा काम गरेर देखाउने यादवले बताए।

सबै मिलेर हातेमालो गर्दै अघि बढ्ने हो भने पाँच वर्षमा स्विजरल्यान्डभन्दा नेपाल राम्रो बनाउन सकिने यादवले बताए।

राजनीतिक अस्थिरताले हिजोका मुख्यमन्त्रीले केही गर्न नसकेका र आफूले पनि केही गर्न नसक्ने भन्दै मुख्यमन्त्री यादवले सबैको साथ र सहयोगले नै आफ्नो कार्यकाल सफल हुने विश्वास रहेको बताए।

अहिले कृषि, शिक्षा, स्वास्थ्यलाई आफूले प्राथमिकतामा राखेर काम गरिरहेको उनले बताए। मधेस पर्यटनको सम्भावना भएको तर पर्यटक ल्याउन नसकेको भन्दै उनले चिन्ता व्यक्त गरे।

मधेसको पर्यटकीय सम्भावना पहिचान गरी गर्न सकिने विकास पनि मधेसमा स्थिर सरकार नहुँदा गर्न नसकेको र पर्यटन ल्याउन मधेस सरकारले स्वामित्व नलिएको विषय उठेपछि मुख्यमन्त्री यादवले पर्यटन बोर्ड मधेसमा बनाउने सन्दर्भमा आफूले गृहकार्य गर्ने र अघि बढाउने होटल तथा पर्यटन व्यवसायीलाई बताए।




अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहुद्धा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014